कालिका गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः २ मितिः २०७७/०३/२५


## भाग-१

## कालिका गाउँपालिका

कालिका गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको

# आर्थिक ऐन २०७७

**प्रस्तावनाः**

कालिका गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनीक व्यबस्था गर्न बान्छनीय भएकोले नेपालको संबिधानको धारा २८८ को उपधारा (२) बमोजिम कालिका गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :

१. यस ऐनको नाम “आर्थिक ऐन, २०७७” रहेको छ ।

२. यो ऐन २०७७ साल श्रावण १ गते देखि कालिका गाउँपालिका क्षेत्रमा लागू हुने छ ।

**२. सम्पति करः** गाउँपालिका क्षेत्रभित्र अनुसुची-१ बमोजिम सम्पति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिने छ ।

**३. घर बहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा अनुसूची-२ बमोजिम घरजग्गा बहाल कर लगाइने र असूल गरिने छ ।

**४. ब्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसुची-३ बमोजिम व्यावसाय कर लगाइने र असूल उपर गरिने छ ।

**५. जडिबुटि, कबाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबटी, बनकस, कबाडिमाल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरेबापत अनुसूची-४ बमोजिम कर लगाइने र असुल उपर गरिने छ ।

**६. सवारी साधन करः**

१. यस गाउँपालिकामा दर्ता भएका सवारी साधन वाहेकका सवारी साधनको हकमा बागमती प्रदेश सरकारले तोके वमोजिम हुने छ ।

२. यस गाउँपालिकामा दर्ता भएका टाँगा, रिक्सा, विद्युतीय रिक्सा, अटो रिक्सा जस्ता सवारी साधनमा अनुसूची-५ वमोजिम कर लागाइने र असुल उपर गरिने छ ।

**७. विज्ञापन करः**

१. गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची-६ बमोजिम बिज्ञापन कर लगाइने र असुल उपर गरिने छ।
२. उपदफा (१) वमोजिम संकलन गरेको करको चालिस प्रतिशत रकम बागमती प्रदेशको संचित कोषमा दाखिला गरिनेछ।

**८. मनोरञ्जन कर:**

१.गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जनात्मक व्यबसाय सेवामा अनुसूची-७ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिने छ।
२. उपदफा (१) वमोजिम संकलन गरेको करको चालिस प्रतिशत रकम बागमती प्रदेशको संचित कोषमा दाखिला गरिनेछ।

**९. बहाल बिटौरी शुल्क:** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची-८ मा उल्लेख भए अनुसार पसलमा वा गाउँपालिकाको हल, प्रोजेक्टर, स्पीकर तथा जे.सि.भि. भाडामा लिएकोमा सोही अनुसूचीमा भएको व्यबस्था अनुसार शुल्क लगाइने र असुल उपर गरिने छ।

**१०. पार्किङ शुल्क:** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधन लाई पार्किङ्ग सुबिधा उपलब्ध गराए बापत अनुसूची-९ बमोजिम पार्किङ्ग शुल्क लगाइने र असूल उपर गरिने छ।

**११. ट्रेकिङ्ग ,कायोकिङ्ग, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिप फ्लायर र र्‍याफ्टिङ्ग शुल्क:** गाउँ पालिका क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ्ग, क्यानोइङ्ग, बन्जी जम्पीङ्ग, जिप फ्लायर र र्‍याफ्टिङ्ग सेवा वा व्याबसाय संचालन गरेबापत अनुसूची- १० बमोजिम शुल्क लगाइने र असुल उपर गरिनेछ।

**१२. सेवा शुल्क, दस्तुर:** गाँउपालिकाले निर्माण सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची-११ मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ।

**१३. पर्यटन शुल्क:** गाँउपालिकाले स्याउवारी पिकनिक स्पटमा पिकनिकको लागि आउने प्रत्येक समुहबाट अनुसुची-१२ मा उल्लेखित दरमा शुल्क लगाइने र असुल उपर गरिने छ।

**१४. अन्य :**

यस गाउँपालिकाले गर्ने घर नक्शा पास दस्तुर, आन्तरिक रुपमा ढुंगा, गिट्टी, माटो, वालुवा विक्री वितरण तथा प्रशासनिक कार्य, न्यायिक समितिले गर्ने न्याय सम्पादन काम र समयमा व्यक्तिगत घटना दर्ता नगरेमा अनुसूची-१३ वमोजिमको शुल्क, दस्तुर र जरिवाना लगाईने र असुल उपर गरिने छ ।

**१५ कर छुट:**

यस ऐन वमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन। तर एकल रुपमा बसोबास गरी आएका व्यक्ति जसको एकाघरमा कोही पनि व्यक्ति नभएको वा भएता पनि अपाङ्गता भएका, अशक्त र ७० वर्ष भन्दा माथिका बृद्ध बद्धा मात्र भएको भन्ने कुरामा कार्यपालिका सन्तुष्ट भएमा त्यस्तो परिवारलाई वक्यौता रहेको घरधुरी करमा **१०%** सम्म छुट दिन सकिनेछ। यसरी कर छुट गरिएको प्रतिवेदन कार्यपालिकाले अर्को गाउँसभामा पेश गर्नुपर्नेछ।

**१६. कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधि:**

१. यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क सम्वन्धी कार्यविधि गाँउपालिकाले तोके अनुसार हुनेछ।
२. यो ऐनमा व्यवस्था भए वमोजिम गाउँपालिकालाई तिर्नु पर्ने रकम वाँकी भई असुल उपर गर्दा वक्यौता वाँकी रकममा थप १० प्रतिशतले जरिवाना रकम जोडी एकमुष्ट असुलउपर गरिने छ।

## आर्थिक ऐन, २०७७ का अनुसूचीहरु

### अनुसूची- १

### आर्थिक ऐन, २०७७ को दफा २ संग सम्बन्धित

**सम्पति कर**

**(१) घर तथा घरले चर्चेको जग्गा**

| **१. कर योग्य सम्पत्तिको मूल्य** | | वार्षिक दर रु. | |
|---|---|---|---|
| | क) रु. ५ लाखसम्म | एकमुष्ठ रु.१००। | |
| | ख) रु. ५ लाख १ देखि ५० लाखसम्म | १५। प्रतिलाख | |
| | ग) रु. ५० लाख १ देखि १ करोडसम्म | २५। प्रतिलाख | |
| | घ) रु. १ करोड १ देखि २ करोडसम्म | ३५। प्रतिलाख | |
| | ङ) रु. २ करोड १ देखि ३ करोडसम्म | ४५। प्रतिलाख | |

| | | | |
|---|---|---|---|
| | च) रु. ३ करोड १ देखि ५ करोडसम्म | ५५। प्रतिलाख | |
| | छ) रु. ५ करोड १ देखि माथि | ६५। प्रतिलाख | |

**नोटः** मूल्यांकन रकमलाई रु लाखमा (Round figure) मा परिणत गरी करको खर निर्धारण हुनेछ । राथै मूल्यांकन गर्दा रु. १००।- भन्दा कम हुन आएमा न्यूनतम रु. १००।- कायम गरिनेछ ।

घरको मूल्यांकन दर निम्न वमोजिम हुनेछ

- सामान्य बसोवास रहेको RCC घरको प्रति वर्गफित रु. २०००।
- व्यापारिक तथा व्यवसायीकRCC घरको प्रति वर्गफिट रु. २५००।
- सामान्य बसोवास गर्ने सिमेन्ट जोडाई रहेको RCC छाना भएको घरको प्रति वर्गफित रु. १५००।
- व्यापारिक तथा व्यवसायीक प्रयोजनको RCC छाना भएको घरको प्रति वर्गफिट रु. २५००।
- जस्ता टायलको छाना RCC मा सिमेन्ट जोडाई भएको सामान्य वसोवास गर्ने घरको प्रति वर्गफिट रु. १५००।
- जस्ता टायलको छाना RCC मा सिमेन्ट जोडाई भएको व्यापारिक प्रयोजनको घरको प्रति वर्गफिट रु. २०००।
- माटोको जोडाई भएको सामान्य वासोवास गर्ने घरको प्रति वर्गफिट रुं १०००।
- माटोको जोडाई भएको व्यापारिक प्रयोजनको घरको प्रति वर्गफिट रुं १५००।

**भुमि कर**

| सि.नं. | जग्गाको विवरण | खेतको दर | पाखो जग्गाको दर |
|---|---|---|---|
| १ | १ रोपनी भन्दा कम भए | २५। | १५। |
| २ | १ रोपनी भन्दा वढी ५ रोपनी सम्म | १००। | ५०। |
| ३ | ५ रोपनी भन्दा वढी १० रोपनी सम्म | २५०। | १५०। |
| ४ | १० रोपनी भन्दा वढी २० रोपनी सम्म | ६००। | ३००। |
| ५ | २० रोपनी भन्दा वढी | १०००। | ५००। |

## अनुसूची- २
## आर्थिक ऐन, २०७७ को दफा ३ संग सम्बन्धित

**घर वहाल कर**

| सि.नं. | विवरण | दर /प्रतिवर्ष | कैफियत |
|---|---|---|---|
| १ | भवन, घर, पसल, ग्यारेज, गोदाम,टहरा, छप्पर वा जग्गा पुरै वा आंशिक भाडामा दिएकोमा सो दरको | १०% | |

## अनुसूची- २
## आर्थिक ऐन, २०७७ को दफा ५ संग सम्बन्धित

**व्यवसाय कर**

| सि.नं. | विवरण | दर /प्रतिवर्ष | कैफियत |
|---|---|---|---|
| १ | १. व्यापारिक वस्तु | | |
| | १.१ सुन चाँदीका सामान तयारी र विक्री | १०००। | |
| | १.२ भिडियो क्यासेट रेकर्डर तथा प्लेयर उत्पादक | ७५०। | |
| | १.३ मोवाईल मर्मत तथा विक्री | १२००। | |
| | १.४ चुरोट, रक्सी | | |
| | (क) थोक विक्रेता | २०००। | |
| | (ख) खुद्रा विक्रेता | १५००। | |
| | १.५ हलुका पेय पदार्थ थोक विक्रेता | १०००। | |
| | १.६ निर्माण सामग्री | | |
| | (क) सिमेन्ट, छड र धातुका निर्माण सामग्री पसल | २५००। | |
| | (ख) कुनै एक किसिमका निर्माण सामन मात्र | १०००। | |

| | | | |
|---|---|---|---|
| | १.७ कम्प्युटर र सो का सामान बिक्री गर्ने पसल | १०००। | |
| | १.८ विद्युत् पसल | | |
| | (क) विजुलीका सामान थोक विक्रेता | १०००। | |
| | (ख) विजुलीका सामान खुद्रा विक्रेता | ५००। | |
| | १.९ रेडियो, घडी विक्री | १०००। | |
| | १.१० फर्निचरका सामान तथा कार्पेट पसल | १०००। | |
| | १.११ पेट्रोलियम पदार्थ | | |
| | (क)आयल निगमको डिलर भई पेट्रोलियम पदार्थ विक्री | ५०००। | |
| | (ख) खुद्रा ग्याँस विक्री | ५००। | |
| | १.१२ टेलिभिजन तथा रेफ्रिजिरेटर पसल | ५००। | |
| | १.१३ खाद्यान्न किनारा पसल | | |
| | (क) सवै किसिमका किराना सामानको थोक विक्रेता | २०००। | |
| | (ख) ५ लाख भन्दा बढि पूँजि भएको किराना सामान | १५००। | |
| | (ग) ५ लाख सम्म पूँजि भएको किराना सामान | १०००। | |
| | (घ) फलफुल तथा तरकारी पसल | ५००। | |
| | (ङ) खाद्यान्नको मात्र पसल | ७५०। | |
| | (च) खेलौना गिफ्ट सप सामान विक्री पसल | ७५०। | |
| | १.१४ कपडा पसल | | |
| | (क) रेडिमेड कपडा पसल | १५००। | |
| | (ख) अन्य कपडा पसल | १५००। | |
| | १.१५ कृषि तथा पशु सम्बन्धी पसल | | |
| | क) किट नाशक औषधी तथा विउविजन | १०००। | |
| | ख) पशुपंक्षिको औषधी आदी | १०००। | |
| | ग) मलखाद पसल | १०००। | |
| | १.१६ मासु पसल | १०००। | |
| २ | २. परामर्श तथा व्यवसायक सेवा | | |
| | २.१ सामान ढुवानी कर्ता कम्पनी | १०००। | |
| | २.२ परामर्शदाता कम्पनी | ७५०। | |
| | ३. निर्माण व्यवसाय | | |
| ३ | ३.१ क वर्ग | ५०००। | |
| | ३.२ ख वर्ग | ४०००। | |
| | ३.३ ग वर्ग | ३०००। | |
| | ३.४ घ वर्ग | २५०० | |
| | ३.५ घ वर्गको निर्माण व्यवसायीको नामसारी | ५०००। | |
| ४ | ४.उद्योग | | |
| | ४.१ उत्पादनमूलक उद्योग | | |
| | (क) उद्योग (इट्टा, पिउने पानी) | २०००। | |
| | (ख) घरेलु तथा साना उद्योग | ५००। | |
| | (ग) वेल्डीङ तथा ग्रील पसल | १२००। | |

| | | | |
|---|---|---|---|
| | ४.२ फर्निचर उद्योग | | |
| | (क) ट्रली समेत रहेको फर्निचर उद्योग | ३०००। | |
| | (ख) स-मिल तथा उच्च स्तरको फर्निचर उद्योग | २०००। | |
| | (ग) सामान्य फर्निचर उद्योग | १,०००। | |
| | ४.३ उर्जामूलक उद्योग, कृषि तथा वनजन्य उद्योग | | |
| | (क) एक करोड देखि माथी पूजी भएको | ३०००। | |
| | (ख) सो भन्दा मुनी १० लाखसम्मको | २०००। | |
| | ४.४ खनिज उद्योग | १५००। | |
| ५ | ५. पर्यटन | | |
| | ५.१ होटल, लज रिसोर्ट, तथा रेष्टुरेण्ट | २०००। | |
| | ५.२ चिया तथा खाजा पसल | ५००। | |
| | ५.३ कपाल काट्ने पसल | ७५०। | |
| | ५.४ ब्यूटी पार्लर पसल | ५००। | |
| ६ | ६. सेवा उद्योग | | |
| | ६.१ सिनेमा हल | ५००। | |
| | ६.२ अफसेट प्रेस | ५००। | |
| | ६.३ कोल्ड स्टोर तथा फाष्टफुड पसल | ७५०। | |
| | ६.४ सार्वजनिक परिवहन बुकिङ्ग | ५००। | |
| | ६.५ मोटरसाईकल वर्क शप | ७५०। | |
| ७ | ७. निर्माण उद्योग | १०००। | |
| ८ | ८. संचार सेवा | | |
| | ८.१ फोन, प्याक्स, इमेल, इन्टरनेट सेवा सम्बन्धी व्यवसाय | ५००। | |
| | ८.२ कुरियर सेवा | ५००। | |
| | ८.३ छपाई तथा प्रकाशन गर्ने फर्म | ७५०। | |
| ९ | ९. पत्रपत्रिका तथा स्टेशनरी पसल | १०००। | |
| १० | १०. वित्तीय सेवा | | |
| | १०.१ निजी क्षेत्रका आर्थिक कारोबार गर्ने वैक तथा वित्तीय संस्था क वर्ग | ६०००। | |
| | १०.२ निजी क्षेत्रका आर्थिक कारोबार गर्ने वैक तथा वित्तीय संस्था ख वर्ग | ५००० | |
| | १०.३ निजी क्षेत्रका आर्थिक कारोबार गर्ने वैक तथा वित्तीय संस्था ग वर्ग | ४५००। | |
| | १०.४ निजी क्षेत्रका आर्थिक कारोबार गर्ने वैक तथा वित्तीय संस्था घ वर्ग | ४०००। | |
| | १०.५आर्थिक कारोवार गर्ने वित्तीय कम्पनीको मुख्य कार्यालय | १००००। | |
| | १०.६बिमा कम्पनी/काउण्टर | ५०००। | |
| | १०.७विदेशी मुद्रा सटही काउन्टर | १०००। | |
| | १०.८ धितोपत्र कारोबार | १०००। | |
| ११ | ११. स्वास्थ्य सेवा | | |
| | ११.१ गैन्ह सरकारी अस्पताल | ५०००। | |
| | ११.२ नर्सिङ्ग होम | ५०००। | |

| | | | |
|---|---|---|---|
| | ११.३ क्लिनिक तथा ल्याब | १५००। | |
| | ११.४ फार्मेसी तथा औषधी पसल | १२००। | |
| १२ | १२. पशुपंक्षि तथा कृषि व्यावसायिक फर्म | ७५०। | |
| १३ | १३. गाउँपालिकाले तोकेको स्थानमा तथा नियमानुसार सार्वजनिक स्थलमा ठेला गाडामा राखी व्यवसाय गर्ने लाई | ५००। | |
| १४ | १४. घरेलु मिल | | |
| | १४.१ कुटानी पिसानी मिल | ५००। | |
| | १४.२ तेल पेल्ने समेत भएको मिल | ७५०। | |
| एकै व्यक्तिले एक भन्दा वढि व्यवसाय एकै पसल/स्थानमा संचालन गरेमा व्यवसायको लागि तोकिएको शुल्क मध्ये अधिकतम जुन व्यवसायको छ सोहि वमोजिम शुल्क लाग्ने छ। | | | |

## अनुसूची- ४
## आर्थिक ऐन, २०७७ को दफा ५ संग सम्बन्धित

**वन पैदावार, कवाडी र जीवजन्तु कर**

| सि.नं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १. | रुख कटान सिफारिस | २५।/ प्रति रुख | |
| २. | वन पैदावार निकासी | | |
| | (क) काठ | ५।/प्रति क्यू.फि. | |
| | (ख) जडिवुटी तथा अन्य वनस्पती | ५।/प्रति के.जी. | |
| ३. | कवाडी सामान प्रति ट्रिप | २०००। | |
| | बोरामा लगेमा | रु १० प्रतिबोरा | |

## अनुसूची- ५
## आर्थिक ऐन, २०७७ को दफा ६ संग सम्बन्धित

**सवारी साधन कर**

| सि.नं. | विवरण | दर /प्रति वर्ष | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिका भित्र दर्ता भएका सवारी साधान(टाँगा, रिक्सा, अटो रिक्सा र विद्युतिय रिक्सा) वाहेक | ३ नं. प्रदेश कानून वमोजिम हुनेछ। | |
| | टाँगा, रिक्सा, अटो रिक्सा र विद्युतिय रिक्सा | | |

## अनुसूची- ६
## आर्थिक ऐन, २०७७ को दफा ७ संग सम्बन्धित

विज्ञापन कर

| सि.नं. | विवरण | दर /प्रति वर्ष | कैफियत |
|---|---|---|---|
| १ | व्यवसायिक प्रयोजनको लागि सार्वजनिक स्थल, सडकछेऊमा राखिएका होडिङवार्ड तथा भित्ते लेखन आदी | रु.५०। प्रति वर्ग फिट | |
| २. | सार्वजनिक स्थल तथा सडक छेऊमा राखिने तुल व्यानर आदि | रु. १०। प्रति वर्ग फिट प्रत्येक पटक | |

## अनुसूची- ७
## आर्थिक ऐन, २०७७ को दफा ८ संग सम्बन्धित

मनोरञ्जन कर

| सि.नं. | विवरण | दर /प्रति वर्ष | | कैफियत |
|---|---|---|---|---|
| १ | सिनेमा हल सञ्चालन | | | |

**अनुसूची- ८**

**आर्थिक ऐन, २०७७ को दफा ९ संग सम्बन्धित**

बहाल बिटौरी कर

| सि.नं. | विवरण | दर /प्रति वर्ष | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिका भित्रका गाउँपालिकाका पसल/सटर | | |
| | स्पीकर भाडा प्रतिदिन | रु. ५००। | |
| | प्रोजेक्टर भाडा प्रतिदिन | रु. १०००। | |
| | हल भाडा प्रतिदिन | रु. १५००। | |
| २ | गाउँपालिकाको क्षेत्रभित्रको ऐलानी जग्गा कुनै संघसंस्थालाई अस्थायी रुपमा उपलब्ध गराएमा मासिक प्रति वर्ग फिट | रु. १५। | |
| ३ | टिप्पर ट्रक भाडा | आवश्यकता र औचित्यका आधारमा गाउँकार्यापालिकाको निर्णय अनुसार | |
| ४ | जे.सि.भि मेशिन भाडा प्रति घण्टा इन्धन सहित | रु. २२००।<br>सात दिनभन्दा माथिको अवधिलाई भए कार्यपालिकाले तोके वामोजिम हुनेछ। | |
| ५ | चमेनागृह भाडा प्रति महिना | न्यूनतम रु. ३५००।बाट वढावढ प्रक्रियामा | |

**अनुसूची- ९**

**आर्थिक ऐन, २०७७ को दफा १० संग सम्बन्धित**

पार्किङ्ग शुल्क

| सि.नं. | विवरण | दर /प्रतिवर्ष | कैफियत |
|---|---|---|---|
| १ | वडा नं. १ भित्रका बजारमा पार्किङ्ग शुल्क | | |
| २ | वडा नं. २ भित्रका बजारमा पार्किङ्ग शुल्क | | |
| ३ | वडा नं. ५ भित्रका बजारमा पार्किङ्ग शुल्क | | |

**अनुसूची- १०**

**आर्थिक ऐन, २०७७ को दफा ११ संग सम्बन्धित**

ट्रेकिङ्ग, कायोकिङ्ग, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टिङ्ग शुल्क

| सि.नं. | विवरण | दर /प्रतिवर्ष | कैफियत |
|---|---|---|---|
| १ | ट्रेकिङ्ग, कोयोकिङ्ग, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टिङ्ग शुल्क | | |

**अनुसूची- ११**

**आर्थिक ऐन, २०७७ को दफा १२ संग सम्बन्धित**

सेवा शुल्क, दस्तुर

| सि.नं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | नागरिकता सिफारिस | निशुल्क | |
| २ | नागरिकता प्रतिलिप सिफारिस | १००। | |
| ३ | चार किल्ला प्रमाणित प्रति कित्ता सिफारिस | २००। (प्रति कित्ता थप रुं २५।) | |
| ४ | घरबाटो सिफारिस | २००। | |
| ५ | नाता प्रमाणित | २००। | |
| ६ | जन्म प्रमाणित | २००। | |

| | | | |
|---|---|---|---|
| ७ | विवाह प्रमाणित | २००। | |
| ८ | नाबालक प्रमाणित | २००। | |
| ९ | आम्दानी प्रमाणित अंग्रेजीमा मात्र मूल्यांकित रकमको | ०.०५% | |
| १० | सम्पत्ति तथा जग्गाको मूल्याङ्कन सिफारिस अंग्रेजीमा मात्र मूल्यांकित रकमको | ०.२५% | |
| ११ | घर भएको/नभएको प्रमाणित | १००। | |
| १२ | आम्दानी प्रमाणित नेपालीमा(मूल्याङ्कित रकमको) | ०.०५% | |
| १२.१ | सम्पत्ति तथा जग्गाको मूल्याङ्कन सिफारिस नेपालीमा मात्र मूल्याङ्कित रकमको | ०.०५ % | |
| १३ | नामसारी सिफारिस | १००। | |
| १४ | अग्रेजीमा नाता प्रमाणित | ५००। | |
| १५ | अग्रेजीमा जन्म प्रमाणित | ५००। | |
| १६ | अग्रेजीमा विवाह प्रमाणित | ५००। | |
| १७ | अग्रेजीमा नाबालक प्रमाणित | ५००। | |
| १८ | कित्ताकाट सिफारिस | २००।/(प्रति कित्ता थप रुं २५।) | |
| १९ | मोही लगत कट्टा | २००। | |
| २० | विद्यालय कक्षा थप | ३०००। | |
| २१ | खानेपानी जडान | १००। प्रति धारा | |
| २२ | गैर नाफामुलक संस्था दर्ता प्रमाणपत्र वापत | १५००। | |
| | संस्था दर्ता, नविकरण खारेजी र सिफारिस शुल्क | ५००।(वार्षिक रु ५ करोड भन्दा माथि कार्यक्रम भएमा १०००।) | |
| २३ | रेडियो संचालन अनुमति, नविकरण, खारेजी शुल्क | १०००। | |
| २४ | केबल ईन्टरनेट, टेलिभिजन प्रसारण, अनुमति र नविकरण शुल्क | १०००। | |
| २५ | विजुली मिटर सिफारिस | | |
| | २५.१ ५ एम्पियरसम्म | १००। | |
| | २५.२ ५ एम्पियर भन्दा माथि १६ एम्पियरसम्म | ३००। | |
| | २५.३ १६ एम्पियर भन्दा माथि | ५००। | |
| २६ | नयाँ विद्यालय दर्ता सिफारिस | ५०००। | |
| २७ | अस्थायी बसोवास सिफारिस | ५००। | |
| २८ | स्थायी बसोवास सिफारिस | ५००। | |
| २९ | फरक फरक नाम थर सिफारिस | १००। | |
| ३० | तिन पुस्ते प्रमाणित | १५०। | |
| ३१ | हिज्जे फरक भएको सिफारिस | १००। | |
| ३२ | मृतकको हकदार प्रमाणित | २००। | |
| ३३ | जग्गा धनी प्रमाणपुर्जा हराएको सिफारिस/घर कायम सिफारिस | १००। | |
| ३४ | कर चुक्ता सिफारिस | ५००। | |
| ३५ | गैन्ह सरकारी संस्था प्रमाणपत्र | १५००। | |

| | | | |
|---|---|---|---|
| ३६ | व्यवसाय बन्द | २००। | |
| ३७ | फोहोर मैला व्यवस्थापन शुल्क | | |
| | होटल ,रेष्टुरान्ट ,होलसेल व्यापारी , तरकारी तथा फलफुल व्यापारी ,सैलुन/व्यूटीपार्लर, औषधि पसल | २००। प्रति महिना | |
| | साना खुद्रा र कम फोहोर उत्पादन गर्ने र बजार क्षेत्रका घरधुरी र सरकारी तथा गैर सरकारी संघ सस्था | १००। प्रति महिना | |
| | ग्रामीण क्षेत्रका व्यवसायी तथा घरधुरी | ५०। प्रति महिना | |
| ३८ | घर/भवनको नक्शा पास शुल्क | रु. ५। /प्रति घ.मि. | |
| ३९ | उद्योग व्यावशाय दर्ता सिफारिस | ५००। | |
| ४० | सिफारिसका लागी मुचुल्का तयार गर्नु परेमा सिफारिस दस्तुरमा थप | २००। | |
| ४१ | उद्योग/ विद्यालय ठाँउसारी सिफारिस | ५००। | |
| ४२ | संरक्षक प्रमाणित गर्ने तथा संरक्षण सिफारिस गर्ने | ५००। | |
| ४३ | जिवित रहेको सिफारिस | ०.००। | |
| ४४ | हकवाला वा हकदार प्रमाणित | ५००। | |
| ४५ | जुनसुकै किसिमका व्यवसाय नविकरण गर्दा कूल पुँजिको | ०.०५ प्रतिशत | |
| ४६ | योजनाको सिफारिस(सम्झौता र अन्तिम भुक्तानी) | १००। | |
| ४७ | 'घ' वर्गको निर्माण व्यवसाय इजाजत नयाँ/नविकरण सेवा शुल्क | २५००। | |
| ४८ | अन्य सिफारिस | १००। | |

## अनुसूची- १२
## आर्थिक ऐन, २०७७ को दफा १३ संग सम्बन्धित

पर्यटन शुल्क

| क्र.स. | विवरण | शुल्क रु. |
|---|---|---|
| १ | स्याउवारी पिकनिक स्पोर्टमा पिकनिक गर्ने प्रत्येक समूह | १०००।<br>(६० प्रतिशत उपभोक्ता समूहलाई र ४० प्रतिशत गाउँपालिकालाई) |

## अनुसूची- १३
## आर्थिक ऐन, २०७७ को दफा १४ संग सम्बन्धित

१.नक्सा पास दस्तुर

| क्र.स. | विवरण | दस्तुर तथा शुल्क रु. | कैफियत |
|---|---|---|---|
| १ | नक्सा पास फाराम प्रति फाराम | ५००। | |
| २ | नक्सा पास दस्तुर प्रति वर्गफिट (पक्की संरचना) | ५। | |
| ३ | नक्सा पास दस्तुर प्रति वर्गफिट (कच्ची संरचना) | ३। | |
| ४ | नक्सा पास दस्तुर प्रति वर्गफिट (अस्थायी संरचना) | २। | |

२.प्रशासनिक कार्य

| क्र.स. | विवरण | शुल्क रु. | कैफियत |
|---|---|---|---|
| १. | कर्मचारी भर्ना परीक्षा शुल्क तथा फाराम दस्तुर (अधिकृत स्तर) | रु. १०००। | |
| २. | कर्मचारी भर्ना परीक्षा शुल्क तथा फाराम दस्तुर (सहायक तथा सहयोगी कर्मचारीको लागि) | ५००। | |
| ३. | बोलपत्रतथा टेण्डर दस्तुर | सार्वजनिक खरिद ऐन, २०६३ तथा नियम २०६४ अनुसार । | |
| ४. | सूचिदर्ता | रु. १००। प्रति फर्म | |

**३. जरिवाना**

| क.स. | विवरण | जरिवाना रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | तोकिएको समयमा व्यक्तिगत घटना दर्ता नगरेमा् (जन्म मृत्यु, विवाह वसाइसराई सम्वन्ध विच्छेद) | रु. ५०। प्रति घटना दर्ता | |
| २. | सडक अतिक्रमण गरेमा (आवस्था हेरी) | रु. ५००। देखि रु. १५००। सर्म्म | पहिलो पटक |
| ३ | सार्वजनिक स्थलमा फोहोर फालेकोमा (आवस्था हेरी) | रु. ५००। देखि रु. ३,०००। सम्म | |
| ४ | घरपालुवा पशुपंक्षि छाडा छोडेकोमा ( आवस्था हेरी) | रु. ५००। देखि रु. १५००। सम्म | |

**३. न्यायिक कार्यमा**

| क.स. | विवरण | शुल्क/दस्तुर रु. | कैफियत |
|---|---|---|---|
| १. | उजुरी दर्ता | रु. १००। | |
| २. | वन्द घरकोठा खोल्ने रोहवर | रु. ५००। | |
| ३. | साँध सिमाना छुट्याएको प्रति कित्ता | रु. ५००। र थप प्रतिकित्ता रु. १००। | |
| ४. | मिलापत्र गराएको प्रति मिलापत्र | रु. ५००। | मेलमिलाप कर्ताले पाउने |

**४. गाउँपालिका भित्र आन्तरिक रुपमा निजी जग्गाको ढुंगा, गिट्टी, वालुवा र माटो विक्री**

| क.स. | विवरण | शुल्क/दस्तुर रु. | कैफियत |
|---|---|---|---|
| १. | ढुंगा, गिट्टी र वालुवा | वागमती प्रदेश सरकारले तोके बमोजिम हुने | गाउँपालिकाद्धारा IEE गरेर ठेक्का प्रकृयाद्वारा राजश्व संकलन गर्ने |
| २. | माटो तथा ग्रावेल | वागमती प्रदेश सरकारले तोके बमोजिम हुने | गाउँपालिकाद्धारा IEE गरेर ठेक्का प्रकृयाद्वारा राजश्व संकलन गर्ने |

**प्रमाणीकरण मितिः** २०७७/०३/१४ **गाउँसभाबाट स्वीकृत मितिः** २०७७/०३/१०

आज्ञाले,

प्रकाश अधिकारी

प्रमुख प्रशासकीय अधिकृत